जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ४२, २०८२ जेठ १५ गते विहीबार, 29 May 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

गणतन्त्र दिवस २०८२ को शुभकामना



दीपक प्रसाद
देवकोटा
प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा

गणतन्त्र दिवस २०८२ को यस ऐतिहासिक तथा गौरवपूर्ण अवसरमा बागमती प्रदेश ,स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । आजको स्वर्णिम दिन ल्याउन आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात शहीदहरुप्रती हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजनैतिक इतिहासको एक महत्वपूर्ण उपलब्धि हो, जुन नेपाली जनताको लामो संघर्ष, बलिदान र अथक प्रयासको देन हो। ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को सफलतासँगै मुलुकमा स्थापित गणतन्त्रले नेपाली जनतालाई सार्वभौमसम्पन्न बनाउदै सबैलाई राष्ट्रनिर्माणको मूल प्रवाहमा समाहित गरेको छ।

देशमा सबैखाले निरंकुशताविरूद्ध सम्पूर्ण राजनैतिक दल र आम नागरिक समाज एकजुट भएर इतिहास बदलेजस्तै आज पनि गणतन्त्र, राष्ट्रियता र जनजिविकाको सवालमा पार्टीगत स्वार्थ र सिद्धान्त त्यागेर एक ढिक्का भई सकारात्मक सन्देश प्रबाह गर्न जरूरी छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासबाट देशमा सुशासन र समृद्धि भित्र्याउन सकिने हुँदा यसलाई संस्थागत गरि समृद्ध देश निर्माणका दिशामा सबै लाग्नु पर्दछ । अभ्यासमा कहिँ कतै कमजोरी भए होलान् तर विकल्प व्यवस्था परिवर्तन नभई अवस्था परिवर्तन हुनुपर्दछ । हाम्रो एक पुस्ता व्यवस्था परि वर्तनमा उर्जाशील समय खर्चिन बाध्य भयो तर आजको युवपुस्तालाई आन्दोलन होइन विकास र समृद्धिको पथमा प्रोत्साहित गर्नुपर्दछ ।

आजको दिन, हामीले गणतन्त्रको मूल मर्म जनताको सर्वोच्चता, समावेशिता, समानता, विधिको शासन, सामाजिक न्याय र उत्तर दायिपूर्ण शासन प्रणालीको स्मरण गर्नु आवश्यक छ। समग्र राष्ट्रको प्रगति र समृद्धिका लागि हामी सबैले आ आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्नुपर्दछ । नयाँ पुस्तामा निराशाको बादल छाउनु अप्रिय कुरा भएको हुँदा कतै केही कमी कमजोरी भए सच्याएर द्रुत विकासको लय पक्रनुपर्छ ।

परिणाममुखी कार्यहरुमा जोड दिएर युवापुस्ता र आम नागरिकको विश्वास जित्नुपर्दछ । हामी यो र त्यो भनेर घटना परिघटनामा बिल्कुल अलमलिनु हुँदैन । इतिहासका विभिन्न कालखण्डका जनआन्दोलनका सहिदहरुको सहादत, घाइतेहरुको आहत अनि आश्रितहरु र आफन्तको पीडालाई उपेक्षा गर्नु अक्षम्य भूल हुनेछ । आजको यो बिशेष दिन सबैखाले अस्थिरता र पश्चगमनका विरूद्ध एकजुट हुने दिशामा कोशेढुंगा साबित हुने विश्वास लिएको छु। यस अवसरमा सबै देशवासीमा आपसी सद्भाव, सहिष्णुता, सहकार्य र सहअस्तित्वको भावनासहित अगाडि बढ्न आह्वान गर्दछु । हाम्रो साझा प्रयत्नबाट हामीले सभ्य, समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्न सक्ने विश्वास लिदै पुन: सबैमा गणतन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु। धन्यवाद ।

संरक्षणमा चासो

○ सरिता दाहाल

मकवानपुर । आज जेठ १५ गते । राज्यको सम्पूर्ण शक्ति जनतामा निहित हुने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भ भएको दिन । आज गणतन्त्र दिवस ।

निरङ्कुश एकात्मक राजतन्त्रको विधिवत् अन्त्य गर्दै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भ घोषणा भएको दिन ।

यस दिनको सम्झनामा आज जेठ १५ गते बिहान सूर्योदयसँगै नेपाली सेनाले बिगुल बजाएको छ । साथै तोप र बन्दुकको बढाई गर्ने कार्यक्रम पनि छ । मुल समारोह समितिको कार्यक्रम सैनिक मञ्च दुँडिखेलमा हुनेछ ।यो संघीय राजधानीमा गरिने कार्यक्रम हो ।

यसका अलवा प्रदेशका राजधानीहरूमा,जिल्ला सदर मुकामहरूमा गणतन्त्र दिवस विशेष ्याली, सरसफाइ, बिरामीलाई फलफुल वितरण, स्वास्थ्य जाँच जस्ता विविध कार्यक्रम गरेर मनाइदै छ ।

त्यस्तै भोली १६ गते सरकारी निकायका घरका छत, बरण्डाहरुमा राष्ट्रिय झण्डा मर्यादापूर्वक राखि सजाउने र दीप प्रज्वलन गर्ने कार्यक्रम तय भएको छ ।

जननिर्वाचित पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको थियो ।

हजारौंको बलिदान, लाखौं नागरिक सडकमा उत्रिएर ल्याएको गणतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी आज देशभर मनाइँदैछ । विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्ग चित्र बमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुन:स्थापना गरेका थिए ।

गणतन्त्र स्थापनाका लागि यही आन्दोलन जगका रुपमा स्थापित भयो । संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने श्रृखला चल्यो ।

राजा ज्ञानेन्द्रले लोकेन्द्र बहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गरे । विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी)का बीच १२ बुँदे समझदारी भयो । पूर्ण लोकतन्त्र स्थापनाका लागि दुवै शक्तिबीच समझदारी भएको थियो ।

विसं २०६३ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन धुवमा विभाजन भएका राजनीतिक शक्ति दुई धुवमा आएपछि आन्दोलनले गति लियो । विसं २०६३ फागुनदेखि सुरू भएको निर्णायक आन्दोलनले चैतमा गति लियो ।

नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । जिल्ला जिल्लाको सबै सदरमुकाहरू मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरुको मागचित्रमा सहमत भए ।

आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुन:स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गरे । यसैले यस दिनलाई लोकतन्त्र दिवस मनिन्छ । यो दिन नै गणतन्त्रको जगका रुपमा स्थापित बन्यो ।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्‍यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली 'म्याग्नाकार्टा' पनि भनिन्छ ।

यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राज संस्थाको विधिवत् अन्त्य गर्‍यो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो ।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भयो । जसअनुसार हाल संघीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन् ।

आज १८ औं गणतन्त्र दिवस



वंशीयतन्त्रलाई जनताले जितेको उत्सव

तत्कालीन सात राजनीतिक दलले निरङ्कुश राजतन्त्रकाविरुद्ध आह्वान गरेको शान्तिपूर्ण जनआन्दोलन र विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले गरेको सशस्त्र सैर्षका उपलब्धिका रूपमा देशले गणतन्त्रको अभ्यास गरेको १७ वर्ष भएको छ ।

विसं २०६५ जेठ १५ गते जननिर्वाचित संविधानसभाको पहिलो बैठकद्वारा २४० वर्षदेखि नेपालमा कायम रहेको निरङ्कुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको सोही ऐतिहासिक दिनको सम्झनालाई चिरस्थायी बनाउन गणतन्त्र दिवस मनाउने गरिएको छ ।

जेठ १५ गतेकै दिन नेपाली जनतालाई स्वतन्त्रता, उदार सामाजिक न्यायसहितको समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रसहित नागरिक सर्वोच्चता प्राप्त भएको थियो । गणतन्त्र दिवस वंशीयतन्त्रलाई जनताले जितेको उत्सव पनि हो । संघीय लोकतान्त्रिक गणतन्त्रले समुन्नत भविष्यका लागि एकताबद्ध भएर अगाडि जान जनतालाई सम्पूर्ण राजनीतिक अधिकारको सुनिश्चितता प्रदान गरेको छ । नागरिकका समस्या शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, सामाजिक सुरक्षाको प्रत्याभूतिसहित गरिबीको अन्त्यसँगै विश्वमञ्चमा नेपाल र नेपालीको प्रतिष्ठालाई उँचो बनाउन पर्ने लोकतान्त्रिक गणतन्त्रको प्रथम कार्यभार रहेको छ ।

जनअपेक्षा र जनभावनाअनुरुप चल्नु नै गणतान्त्रिक संविधानको मूल भावना भएकाले आमनागरिकको अधिकारप्रति अटुट आस्था राख्दै यो दिवसलाई लोकतन्त्रको पोषकका रूपमा स्थापित गर्न पनि उत्तिकै आवश्यक छ । लोकतान्त्रिक गणतन्त्र राजनीतिक व्यवस्था मात्र नभई शासकीय पद्धति र जीवनशैली भएकाले उदारवादी आदर्शको उपजका रूपमा हेरिने गरिएको छ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

किशोरी आमा

बालमैत्री स्थानीय शासन घोषणाको लागि तामझामका साथ गरेका स्थानीय तहहरूमा बालविवाह भने रोकिएका छैनन् । विवाह गर्ने उमेरमा आमा बुबा बनिसकेका किशोरी किशोर हरू भेटिने क्रम रोकिएको छैन । जीविकोपार्जन, शिक्षा तथा चेतनास्तर कमजोर भएको कारण किशोरावस्थामा नै विवाह हुने गरेका छन् । यसलाई रोक्न, नियन्त्रण गर्न स्थानीय तहहरूले दरिलो प्रभावकारी नियम बनाउन र कार्यन्वयन गर्ने सकेका छैनन् । मकवानपुरका विभिन्न स्थानीय तहहरू बालमैत्री घोषणा भइसकेका छन् भने जताजतै 'विवाह वारी बीस वर्ष पारी' लेखिएको ठूलाठूला सूचनापाटी देखिन्छन् । यद्यपि यहाँ किशोरी आमाहरु घाँसको भारीमाथि साना बच्चा राखेर हिँडिरहेका पयाप्त भेटिन्छन् ।

जनस्वास्थ्य कार्यालयले दिएको तथ्याङ्कानुसार मकवानपुरमा चालु आर्थिक वर्षमा मात्र २० वर्षमुनिका चार सय ३२ किशोरी आमा बनेका छन् । सोही अवधिमा जिल्लाभर तीन हजार ८४२ जना सुत्केरी भए । यसमा घरमै सुत्केरी हुनेको सङ्ख्या ११३ छ । आर्थिक वर्ष २०७९/८० मा मकवानपुरमा जम्मा पाँच हजार १७२ महिला सुत्केरी भएकामा जसमध्ये पाँच सय २९ (१० दशमलव २ प्रतिशत) २० वर्षमुनिका किशोरी थिए । तीमध्ये एक सय ६६ जनाले अस्पतालको सट्टा घरमै सुत्केरी गराएका थिए। त्यसैगरी, आव २०८०/८१ मा कुल चार हजार ४३० सुत्केरीमध्ये चार सय ९१ जना (११ दशमलव १ प्रतिशत) किशोरी रहेका थिए भने एक सय २८ जनाले अझै पनि घरमै सुत्केरी गराएका थिए ।

चालु आर्थिक वर्षको चैतसम्मको तथ्याङ्क हेर्दा पनि उस्तै अवस्था देखिन्छ । कुल तीन हजार ८४२ सुत्केरीमध्ये चार सय ३२ जना (११ दशमलव २ प्रतिशत) २० वर्षमुनिका किशोरी छन् । यसले किशोर उमेरमै आमा बन्ने दरमा सुधारका सट्टा स्थायित्वमा झनै वृद्धि देखिएको सङ्केत गर्छ । सरोकारवालाको ध्यान जाओस्, व्यवहारमै देखिने गरी काम गर्न लागौं ।

लैंगिक उत्तरदायी बजेटको अपेक्षा



सुना परियार
बागमती प्रदेशसभा सदस्य

नेपालमा बजेटको चर्चा हरेक वर्ष दोहोरिरहन्छ । यस पटक पनि तीनै तहका सरकार नीति तथा कार्यक्रमसँगै बजेट निर्माणको चटारोमा छन् । बर्सेनि बजेट आउँदा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, एकल महिला, विपन्न तथा दलित समुदायका लागि त्यो बजेटले कति स्थान दिलायो भन्ने सवाल सधैं ओझेलमा पर्छ ।

यथार्थमा भन्ने हो भने नेपालको बजेट प्रणाली अझै पनि पितृसत्तात्मक संरचना र शक्तिकेन्द्रित सोचबाट मुक्त हुन सकेको छैन ।

समानुपातिक वितरण र लैंगिक समानताको कुरा संविधानदेखि राष्ट्रिय नीति, योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धता र राजनीतिक भाषणसम्म आइपुगेको छ । तर व्यावहारिक पक्षमा खासै परिवर्तन देखिँदैन । बजेट भन्ने वित्तीय औजार केवल तथ्यांकको संकलन नभई सामाजिक न्याय, समावेशिता र समानताको अभिव्यक्ति पनि हो ।

यहींबाट लैंगिकमैत्री बजेटको अवधारणा आउँछ । लैंगिकमैत्री बजेट भन्नाले महिलाका लागि मात्र छुट्टै बजेट छुट्याउनु भन्ने होइन । बजेट निर्माण, कार्यान्वयन र मूल्यांकनको सम्पूर्ण प्रक्रियामा महिला, पुरूष र सबै लैंगिक पहिचान भएका व्यक्तिको आवश्यकतालाई समान रुपमा सम्बोधन गर्नु हो । बजेटमा समानताको आत्मा बसाल्नु हो ।

नेपाल सरकारले २०६३/६३ सालदेखि लैंगिक बजेटको अवधारणा औपचारिक रुपमा कार्यान्वयनमा ल्याएको हो । यस अवधारणाअनुसार सरकारी बजेटलाई तीन भागमा वर्गीकृत गरिन्छ । लैंगिक लक्षित, लैंगिक सम्बद्ध र लैंगिक तटस्थ । विगतका बजेट हेर्ने हो भने जम्मा २०-२५ प्रतिशत कार्यक्रम मात्र लैंगिक उत्तरदायी देखिन्छन्, त्यसमा पनि प्रत्यक्ष रुपमा महिलालाई केन्द्रमा राखिएको बजेट पाँच प्रतिशतको हाराहारीमा मात्र सीमित छ । बाँकी तटस्थ कार्यक्रम हुन्, जसले लैंगिक विभेदको अवस्थालाई मात्र दोहोऱ्याउँछ, परिवर्तन गर्दैन ।

संघीय मात्र होइन, सातैवटा प्रदेश सरकारका बजेट पनि यस्तै ढर्राका छन् । अधिकांश प्रदेशले आफ्नो बजेटमा महिला, बालबालिका, अपांगता, वृद्धवृद्धा आदिलाई लक्षित कार्यक्रमका नाममा औपचारिकता पूरा गरे पनि त्यसको बजेटीय परिमाण नगन्य छ । उदाहरणका लागि किशोरीमैत्री स्वास्थ्य कार्यक्रम, सुरक्षित महिनावारी अभियान, महिला उद्यम प्रवर्द्धनजस्ता कार्यक्रम बजेटको सानो अंशमा मात्र अडिएको पाइन्छ । त्यसमाथि पनि त्यो बजेट खर्च नहुने, फिर्ता जाने वा अन्य शीर्षकमा रुपान्तरण हुने प्रचलन आम देखिन्छ ।

राज्यको यो सबैभन्दा ठूलो वित्तीय औजारले महिलाको जीवनमा कस्तो परिवर्तन ल्यायो भन्ने प्रश्न अझै टड्कारो छ । २०६३ सालयता संविधान, विकास योजना र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुले लैंगिक समानता गुञ्जायमान पारे पनि बजेटमै त्यो भावना सार्थक बनेको छ भन्ने प्रमाण धेरै कमजोर देखिन्छ ।

लैंगिक उत्तरदायी बजेटिङ २०६४/६५ मा औपचारिक रुपमा सुरू हुँदा महिलालाई सिधा ५० प्रतिशतभन्दा बढी लाभ पुग्ने, २५-५० प्रतिशत लाभ पुग्ने र २० प्रतिशतभन्दा कम लाभ पुग्ने यिनै तीन श्रेणीमा वर्गीकरण गर्ने व्यवस्था लागू गरियो । सुरूवाती वर्षमा प्रत्यक्ष महिलामैत्री शीर्षकमा जम्मा ११ प्रतिशत बजेट थियो भने २०६६/६७ मा त्यो १७.३ प्रतिशतमा पुगेको तथ्यांकले देखाउँछ ।

पछिल्ला दस वर्षमा प्रत्यक्ष मैत्री बजेटको हिस्सा भने क्रमशः बढेको छ । २०७२/७३ मा २२.३ प्रतिशतबाट सुरू भएको यो हिस्सा जारी आर्थिक वर्ष २०८१/८२ को कुल १.८६ खर्ब रूपैयाँ बराबरको बजेटमा पुनः १.१४ खर्ब पुनरावृत्त खर्च, ३५२.३५ अर्ब पुँजी खर्च र ३६७.२८ अर्ब वित्त व्यवस्थापन राखिएको छ । तर अघिल्ला वर्षको अभ्यासलाई हेर्दा पुँजीगत भागकै खर्च न्यून हुन्छ भन्ने चिन्ता

अब आउने बजेटले केवल आर्थिक वृद्धिलाई मात्र लक्ष्य राखेर पुग्दैन, विकासका सूचकहरुमा लैंगिक समता कायम गर्नुपर्छ । महिलाको शिक्षामा पहुँच, सीप विकास, सुरक्षित यातायात, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, आत्मनिर्भरता, नेतृत्व र निर्णय प्रक्रियामा सहभागिता बढाउने कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

प्रत्येक स्थानीय तहमा महिनावारी व्यवस्थापनको मर्यादित संरचना, हिंसा पीडितका लागि सुरक्षित आश्रय केन्द्र, महिलामैत्री रोजगार कार्यक्रम, महिला उद्यममा अनुदान र ऋणको पहुँच वृद्धिजस्ता कार्यक्रम प्रभावकारी ढंगले लागू हुनुपर्छ ।

कायमै छ । २०८० जेठ मसान्तसम्म सरकारले पुँजीगत बजेटको ४१.६७ प्रतिशत मात्र उपयोग गर्न सकेको तथ्यांकले देखाउँछ । लैंगिक मैत्री योजना प्रायः पुँजीगत खर्चमै पर्छन् । खर्च हुन नसके ती योजना कागजी रहन्छन् भन्ने यसको प्रत्यक्ष अर्थ हो ।

यति मात्र होइन, बजेट विनियोजन र कार्यान्वयनबीचको खाडल प्रदेश र स्थानीय तहमा झनै गहिरो छ । सन् २०२२/२३ कै विस्तृत समीक्षाले ७५.२ प्रतिशत बजेटलाई 'लैंगिक उत्तरदायी' भनेर लेबल गरिए पनि कार्यान्वयन सुस्त र अनुगमन अल्प रहेको निष्कर्ष दिएको छ ।

आँकडाले प्रगतिको आशा देखिन्छ । सन् २००७/०८ मा प्रत्यक्षमैत्री हिस्सा ११.०३ प्रतिशत थियो भने १५ वर्षमै त्यो चार गुणा बढेर ४० प्रतिशत आसपास पुगेको छ । यो वृद्धिले नीतिस्तरको इच्छाशक्तिमा केही सुधारको संकेत गर्छ । तर सोही अवधिमा अप्रत्यक्ष श्रेणी घटे पनि तटस्थ हिस्साले झनै चौथाइ बजेटलाई समेटछ भने त्यो बजेटले लैंगिक विभेद घटाउने काम नै गर्दैन भन्ने संकेत हो । यही 'तटस्थ' रकमलाई समावेशी एवं संस्कारित कार्यक्रमतर्फ मोड्न सकियो भने लैंगिक न्यायको गति फेरि तेज बनाउन सकिन्छ ।

महिला श्रमशक्तिको ९०.५ प्रतिशत भाग अनौपचारिक क्षेत्रमा छ भन्ने पछिल्लो सर्वेक्षणले देखाउँछ । सुरक्षित श्रम, साना उपकरण, ऋण र बजार पहुँचबिना उनीहरुको श्रम मूल्यहीन हुन्छ भन्ने यथार्थ बजेट भाषणहरुले झनै आत्मसात् गरेजस्तो देखिँदैन । अनपयुक्त तालिम र अव्यावहारिक अनुदानले महिलाको उद्यमशीलतालाई सजिलो हैन, उल्टै औपचारिकताको बोझ थपिदिएका उदाहरण थुप्रै छन् । यस्तो स्थितिमा बजेटको मात्र आकार होइन, गुणस्तर र लक्ष्य समीक्षा प्रणाली सुधार्नु अनिवार्य छ ।

अबको चुनौती बजेटका हरेक शीर्षकमा 'लैंगिक प्रभाव मूल्यांकन' बाध्यकारी रुपमा जोड्नु हो । रकम कति छुट्याएको भन्नेभन्दा पनि त्यो रकमले महिलाको श्रम, समय, सुरक्षा र नेतृत्वमा कति वास्तविक सुधार ल्यायो भन्ने प्रश्नको उत्तर खोज्ने संयन्त्र निर्माण गर्नु हो । कम्तीमा प्रत्यक्ष मैत्री हिस्सा ३० प्रतिशतभन्दा तल नझरुन् भन्ने 'तल्लो सीमा' कानुनमै राख्नु जरूरी छ ।

अब आउने बजेटले केवल आर्थिक वृद्धिलाई मात्र लक्ष्य राखेर पुग्दैन, विकासका सूचकहरुमा लैंगिक समता कायम गर्नुपर्छ । महिलाको शिक्षामा पहुँच, सीप विकास, सुरक्षित यातायात, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, आत्मनिर्भरता, नेतृत्व र निर्णय प्रक्रियामा सहभागिता बढाउने कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

प्रत्येक स्थानीय तहमा महिनावारी व्यवस्थापनको मर्यादित संरचना, हिंसा पीडितका लागि सुरक्षित आश्रय केन्द्र, महिलामैत्री रोजगार कार्यक्रम, महिला उद्यममा अनुदान र ऋणको पहुँच वृद्धिजस्ता कार्यक्रम प्रभावकारी ढंगले लागू हुनुपर्छ । महिला मात्र होइन, दलित महिला, अपांगता भएका महिला, लैंगिक अल्पसंख्यक र सीमान्तकृत समूहलाई प्राथमिकतामा राखेर योजनाहरु निर्माण गर्नुपर्छ ।

यसपालि मनसुनमा धेरै पानी पर्छ, अहिलेदेखि नै सतर्क रहौं

जल तथा मौसम विज्ञान विभागले यसपालिको मनसुनमा सामान्यभन्दा धेरै पानी पर्ने अनुमान गरेको छ । पानी धेरै परेपछि शहर गाउँ सबै ठाउँमा बाढी, पहिरो, डुबानजस्ता विपद्को सम्भावना पनि बढ्छ ।

नेपालको भूगोल हेर्दा शहरहरु पहाड, मध्य पहाडी क्षेत्र र तराईमा छन् भने गाउँहरु हिमालदेखि तराईसम्म फैलिएका छन् । त्यसैले पानी परेपछि कहाँ कस्तो समस्या आउँछ भन्ने कुरा ठाउँअनुसार फरक हुन्छ । जस्तै पहाड र हिमाली क्षेत्रमा पहिरोको जोखिम बढी हुन्छ, तराईमा डुबान र शहरमा पनि बाढी तथा नाली जाम भएर पानी थुप्रिने समस्या आउन सक्छ । त्यसैले हामी बसेको ठाउँमा के कस्तो जोखिम हुन्छ भनेर पहिले नै बुझ्नुपर्छ । अनि त्यहीअनुसार सुरक्षाका उपाय अपनाउनुपर्छ ।

शहरमा खोलामा आउने बाढीले धेरै असर पारिरहेको छ । खोला बगेको पानीसँगै आएको ढुङ्गा, माटो र बालुवाको कारण खोलाको सतह माथि आइपुग्छ । यस्तै विकास निर्माणका क्रममा खोलाले बग्ने ठाउँ साँघुरो हुँदै गइरहेको छ ।

नयाँ संरचना बनाउँदा जमिनमा पानी सोसिने ठाउँ नै नछोडी सबै ढलान बनाइन्छ, ढुङ्गा छापिन्छ जसले गर्दा पानी जमिनमित्र जानै पाउँदैन । यही कारणले गर्दा थोरै पानी परे पनि शहरमा डुबान र बाढीको जोखिम बढिरहेको छ । यस्तो अवस्था अघिल्लो वर्षहरुमा भन्दा झन् बढेको देखिन्छ ।

मध्य पहाडका शहरहरु जस्तै काठमाण्डौ र पोखरामा पानी परेपछि केही समयमै सडक डुब्छन्, खोलाको किनारका बस्तीहरुमा पानी पस्ने खतरा हुन्छ । खोलाबाट बगेर आउने फोहोरले ढल, नाला र कुला थुनिन्छन् जसले गर्दा पानी बग्न सक्दैन र डुबान हुन्छ ।

त्यस्तै विराटनगर, धनगढी, नेपालगञ्जजस्ता तराईका शहरहरुमा त झन् पानी थुनिने समस्या देखिन्छ । यहाँ मनसुनको बेला भारी वर्षा हुँदा डुबानको जोखिम निकै बढ्छ ।

मनसुनको बेला शहरमा बाढी, पहिरो, डुबान र जमिन कटानको समस्या ल्याउँछ । यसले घर भत्किने, संरचनामा क्षति पुग्ने र जनजीवन अस्तव्यस्त हुने अवस्था निम्तिन्छ ।

त्यसैले शहरको विकास गर्दा खोलाको बग्ने प्राकृतिक बाटो नछेक्ने, जमिनमा पानी सोसिने ठाउँ जोगाउने र ढल, नाला सफा राख्ने काममा ध्यान दिन जरूरी छ । त्यसो भएमात्र डुबान र बाढीको जोखिम घटाउन सक्छ ।

डुबानसँगै अरु जोखिम पनि जोडिएरै आउँछन् । शहरमा हुने अर्को मुख्य समस्या भनेको सडकमा पानी जम्नु पनि हो । सडकमा पानी जम्नु भनेको केवल वर्षाको कारण मात्र होइन, फोहोरको व्यवस्थापन नहुनु पनि हो ।

सडक छेउमा बनाइएका नालीहरु पानी बगाउनका लागि हो । तर जब ती नाली प्लास्टिकका दुत्रा, पानीका बोतल, झोला र अन्य फोहोरले थुनिन्छन् तब पानी बग्न पाउँदैन र सडकमै जम्छ ।

यस्तो अवस्थामा सडकमा पानी भरिन्छ जसले गर्दा बाटो चाँडै बिग्रन्छ, भत्किन्छ र खाल्डाखुल्डीले भरिन्छ । यसले गाडी दुर्घटनाको खतरासमेत बढाउँछ । बिजुली, ढल र अन्य पूर्वाधार पनि यसकै कारण प्रभावित हुन्छन् । यस्तो समस्या बारम्बार दोहोरिनु भनेको हाम्रो लापरबाहीको परिणाम हो ।

त्यसैले सडक सफा राख्नु हाम्रो जिम्मेवारी हो । जथाभाबी सडकमा प्लास्टिक वा फोहोर फाल्नु हुँदैन । घरको फोहोरलाई कुहिने र नकुहिने भनेर छुट्याएर राख्ने र पालिकाको गाडी आएपछि दिने बानी बसाल्नुपर्छ ।



जसरी हामी आफ्नो घर सफा राख्छौं, त्यसरी नै सडक पनि सफा राख्नुपर्छ । यसले मात्र हामीलाई सुरक्षित यात्रा र स्वच्छ वातावरण दिन सक्छ । यस्तै वर्षायाम शुरु भएसँगै गाउँहरुमा पनि विभिन्न प्राकृतिक जोखिमहरु बढ्न थाल्छन् ।

नेपालका गाउँहरु हिमाल, पहाड र तराई तीनै भौगोलिक क्षेत्रहरुमा फैलिएका छन् । तर मनसुनको समयमा मुख्य रुपमा पहाड र तराईका गाउँहरु बढी जोखिममा पर्छन् । तराईका गाउँहरुमा डुबान ठूलो समस्या हुन्छ । निरन्तरको वर्षाले खेत, बारी, घरबास नै डुबाउने अवस्था आउँछ ।

उता पहाडका गाउँहरुमा भने बर्खाको समयमा पहिरो, खहरे खोलामा आकस्मिक बाढी (फ्ल्यास फ्लड), ढुङ्गा खस्ने जस्ता खतराहरु बढी देखिन्छन् । कहिलेकाहीँ यस्तो बाढी यति एक्कासी आउँछ कि मान्छे र पशुचौपायासम्म बगाउने खतरा हुन्छ ।

कतिपय ठाउँमा खोलाले बगाएर ल्याएको दाउरा टिप्न जाने गरेको पनि देखिन्छ । यस्तो जोखिमपूर्ण काम गर्नु हुँदैन । खोलामा बगाएका काठ, दाउरा सङ्कलन गर्न जाँदा ज्यानै जोखिममा पर्न सक्छ । यस्तो समयमा सतर्क रहनु, अनावश्यक जोखिम नलिनु नै बुद्धिमानी हो ।

गाउँहरुमा मनसुनको समयमा जोगिन सक्ने मुख्य उपाय भनेको पानीलाई बस्तीमा छिर्न नदिने हो । घर वरिपरि भल निकास राम्रो बनाउनुपर्छ । वर्षाको पानी गाउँमै परुन दिनु हुँदैन ।

यदि समयमै पानी तर्काउने व्यवस्था गरियो भने घर, टोल र पूरै गाउँ सुरक्षित रहन सक्छ । तर पछिल्लो समय गाउँघरमा यस्तो सतर्कता अपनाउने चलन घट्दै गएको देखिन्छ ।

पहिलेजस्तै मिलेर खनेको भल, मिलेर बनाएको बाटो, साझा प्रयासहरु फेरि शुरु गर्न आवश्यक छ । किनभने धेरैजसो गाउँहरुमा एक ठाउँबाट अर्को ठाउँ जान खोलै तर्नुपर्छ । यस्तो बेलामा सुरक्षा सावधानी झन्ने जरूरी हुन्छ ।

जोखिमबाट कसरी जोगिने ?

प्राकृतिक प्रकोपबाट जोगिनका लागि सबैभन्दा पहिले सजग हुन जरूरी हुन्छ । बाढी र पहिरोजस्ता जोखिमहरु कति पानी परेपछि आउन सक्छन् भन्ने कुरा वैज्ञानिक अध्ययनहरुले पहिल्यै देखाइसकेका छन् । यस्तो जानकारीलाई बेलाबेलामा पढ्ने, सुन्ने र बुझ्ने बानी बसाल्नुपर्छ ।

प्रकोप आउनुभन्दा पहिले केही सङ्केतहरु देखिन्छन् । जस्तै पहिरो आउनुअघि जमिन गडगडाउने आवाज आउँछ । त्यस्तै बाढी आउनुअघि खोलानालाको पानी हिलो र धमिलो हुन्छ र पानीको बहाव अचानक बढ्छ । यस्ता सङ्केतहरु देखिएमा तत्काल सुरक्षित ठाउँतिर जानुपर्छ ।

प्राकृतिक प्रकोपलाई बुझ्न वैज्ञानिक सोच राख्न जरूरी छ । प्रकोप कस्तो हुन्छ र यसले के असर गर्छ भन्ने कुरा बुझ्नु र त्यसअनुसार तयारी गर्नु महत्त्वपूर्ण हुन्छ । सरकारले समय समयमा दिने सूचना, चेतावनी र सन्देशहरुलाई ध्यानपूर्वक सुनेर व्यवहारमा उतार्नुपर्छ ।

हाम्रो घर र समुदायको सुरक्षा हामी सबैको जिम्मेवारी हो । यदि आफ्नो घरको नजिकै खोलामा पानी बगिरहेको छ भने पानी कस्तो गतिमा बग्दैछ, त्यसमा ढुङ्गा, बालुवा, काठ आदि थुप्रिएर पानीको बहाव रोकिएको त छैन भनेर सचेत हुनुपर्छ ।

यस्ता वस्तुहरुले खोलाको बहाव अवरुद्ध पारेर बाढीको खतरा बढाउन सक्छ । यसैले आफ्नो घर वरिपरि सुरक्षित राख्ने, खोलालाई बन्द गर्ने कुनै बाधा नपुऱ्याउने कुरामा विशेष ध्यान दिनुपर्छ ।

जोखिम कम गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको पनि हुन्छ । अहिले गाउँबाट शहरमा बसाइँ सर्ने क्रम बढिरहेको छ । धेरैजसो मानिसहरु सस्तो हुने भन्दै असुरक्षित ठाउँहरुमा जग्गा किन्छन् । यसले गर्दा बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपको जोखिम अझ बढेको छ । कमजोर आर्थिक अवस्थाका कारण सुरक्षित ठाउँ छान्न नसक्नु अझै ठूलो समस्या बनेको छ ।

स्थानीय तहले कुन ठाउँमा बढी खतरा छ भनेर पहिचान गर्नुपर्छ । त्यस्ता जोखिमयुक्त क्षेत्रहरुको नक्शा बनाउनुपर्छ र पहिले नै सुरक्षित व्यवस्थापन गर्नुपर्छ ।

जोखिम बढी भएका क्षेत्रमा घर बनाउन नदिने, मध्यम जोखिम भएका ठाउँमा विशेष सावधानी अपनाएर सुरक्षित तरिकाले घर बनाउने र कम जोखिम भएका ठाउँमा मात्र घर बनाउने नीति बनाउनुपर्छ ।

कुनै विपद्रूबाट बच्नका लागि सबैभन्दा पहिले हामीले राज्य (सरकार) बाट दिइने जानकारी राम्रोसँग बुझ्न जरूरी छ । यदि कुनै कुरा नबुझेको भए, आफ्नै वडा कार्यालय वा पालिकामा गएर जनप्रतिनिधि, इन्जिनियर वा प्राविधिकसँग सोध्नुपर्छ ।

आफ्नो टोल छिमेकका पाका र अनुभवी मानिसहरुसँग कुराकानी गरेर पहिलेका वर्षहरुमा के के भयो, बाढी पहिरो वा अन्य विपद् आउँदा कसरी जोगिए भन्ने कुरा बुझ्न सकिन्छ । त्यस्ता कुराहरुलाई लेखेर राखेमा पछि सबैलाई काम लाग्न सक्छ ।

रेडियो, टेलिभिजन, मोबाइल वा अन्य सञ्चार माध्यमहरुबाट आउने मौसमसम्बन्धी खबर ध्यान दिएर सुन्नुपर्छ । धेरै पानी पर्ने, बाढी आउन सक्नेजस्ता पूर्वसूचनाहरु सरकारले दिइरहेको हुन्छ । त्यसलाई गम्भीरतापूर्वक लिनुपर्छ ।

यो वर्षको मनसुनमा समयमै तयारी नगरेमा ठूला दुर्घटना हुने सङ्केत देखिन्छ । यस्तो बेलामा मानिसको ज्यान, समुदायको सुरक्षासहित घर जग्गा, सडक र अन्य संरचनामा पनि ठूलो क्षति हुन सक्छ ।

त्यसैले हरेक नागरिक सचेत हुन जरूरी छ । सरकारको सूचना बुझ्ने, पुराना अनुभवबाट सिक्ने, सञ्चामाध्यम सुन्ने र समयमै पूर्वतयारी गर्नुपर्छ । अनि मात्र हामी आफूसँगै परिवार, आफन्त, समुदाय र सम्पत्तिलाई सुरक्षित राख्न सक्छौं ।

(विपद् अध्ययन केन्द्रका निर्देशक डा. वसन्तराज अधिकारीसँगको कुराकानीमा आधारित सामग्री पूर्वतयारीको लागि समय सान्दर्भिक भएकोलो हामीले उज्यालो अनलाइनबाट साभार गरेका हौं ।)

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

थाहा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, मकवानपुर

कुलेखानी देउराली मातातीर्थ सडक बन्द

○ सहीखबर संवाददाता

मकवानपुर। मकवानपुरबाट काठमाडौं जोड्ने छोटो दुरीका कुलेखानी-देउराली-मातातीर्थ-सतुगंल-सडक ८ दिन बन्द हुने भएको छ । सो सडक खण्ड स्तरोन्नतिको कामका लागि सडक बन्द हुने भएको हो ।

पूर्वाधार विकास कार्यालय, ललितपुर मार्फत ठेक्का लागेर स्तरोन्नति कार्य भइरहेको सो सडक खण्डको केही भागमा ढलानको काम भइरहेको छ । उक्त कार्यमा सवारी आवागमनले बाधा हुने भएपछि जेठ १३ गते मङ्गलवारबाट जेठ २० गतेसम्म सो सडक खण्ड बन्द गरिएको हो । ८ दिनको अवधिमा सो सडकमा सवारीका साधन आवागमन पूर्ण रुपमा बन्द गरिएको कार्यालयले जनाएको छ ।



पूर्वाधार विकास कार्यालय ललितपुर का प्रमुख इन्जिनियर राजु श्रेष्ठका अनुसार सो सडकमा ढलान भइरहेको र सो सडकमा सवारीका साधन आवागमन हुँदा मोडहरुमा ढलान कार्यमा अप्ठ्यारो भएकोले बन्द गरिएको हो ।

सडक खण्डको सशस्त्र क्याम्पदेखि मकैबारीसम्म निर्माण कार्य भइरहेको उनले बताए । सवारी साधनको आवागमन बन्द गरी निर्माण कार्यमा सहजीकरण गर्न उनले आग्रह गरेका छन् ।

विद्यालयमा नेतृत्व छान्न निर्वाचन

मकवानपुर । हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ मा रहेको बालजागृति बाडिङ स्कुलमा विद्यार्थी नेता छान्नका लागि निर्वाचन गरेको छ ।

विद्यालयले २०७२ साल देखि विद्यार्थीका नेता छान्नका लागि निर्वाचन गराउँदै आएको छ ।

विद्यार्थीहरुले विद्यालय क्याप्टेन, भाइस क्याप्टेन तथा चारवटा हाउसका क्याप्टेन र भाइस क्याप्टेन चयन गर्न मतदान गरेका हुन्। वर्षौदेखि निरन्तर रूपमा निर्वाचन मार्फत विद्यार्थीहरूले आफ्ना प्रतिनिधि छनौट गर्ने गरेका छन् ।

विद्यालयको सामाजिक शिक्षाको पाठ्यक्रमअनुसार विद्यार्थीहरुलाई लोकतान्त्रिक प्रक्रिया र नागरिक जिम्मेवारीबारे व्यवहारिक ज्ञान दिन हरेक वर्ष निर्वाचन कार्यक्रम आयोजना गर्दै आएको विद्यालयका प्रधानध्यापक विनोद सुवेदीले बताए ।

विद्यालयले कक्षा ६ देखि १० सम्मका ६ सय ७० जना विद्यार्थीले मतदान गर्ने व्यवस्था गरिएको जनाएको छ । बिहान साढे ७ बजेबाट सुरू भएको मतदान कार्यक्रम बिहान ११ बजे सम्पन्न भएर मतगणनाको कार्य भएको थियो ।

विद्यालय शिक्षकहरूले निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेका छन् भने स्वयम्सेवकको रूपमा रुकाउटका विद्यार्थी सहभागी छन् । कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थी उम्मेदवार हुन पाउने व्यवस्था गरिएको विद्यालयका प्रिन्सीपल सुवेदीले बताए ।

१८ पदका लागि ५० जना विद्यार्थीको उम्मेदवारी रहेको विद्यालयका शिक्षक उमेश अर्यालले बताए ।

निर्वाचन आयोगको कार्यालयबाट आम निर्वाचनमा प्रयोग हुने सामग्री नै प्रयोग गरेर निर्वाचन गरिएको छ ।

बालमैत्री स्थानीय शासन: हेटौंडा उपमहानगरपालिकाको अभियान

आदरणीय नगरबासिहरूमा हेटौंडा उपमहानगरपालिकाको अनुरोध

भविष्यका कर्णधार बालबालिकालाई सुरक्षित, स्वस्थ, र समृद्ध वातावरण प्रदान गर्नु हाम्रो कर्तव्य हो। बालबालिकाहरुको सर्वाणिङ्ग विकासका लागि सुरक्षित, समावेशी र अनुकुल वातावरणको श्रृजना गर्ने प्रतिबद्दताका साथ हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिकाको रुपमा घोषणा भईसकेकोमा यस्को दिगोपनाको लागि सबै शैक्षिक संस्था, संघसंस्था, टोल विकास संस्था लगायत सम्पूर्ण नगरबासीहरुको साथ र सहयोगको अपेक्षा गर्दछौ।

बालमैत्री स्थानीय शासनको दिगोपनाको लागि हेटौंडा उपमहानगरपालिकाको आवहान:

* एक वर्ष भित्रका आफना बालबालिकालाई नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्रदान गरौ।
* पौष्टिक आहार, स्वच्छ पानी, र स्वास्थ्य सेवा सबै बालबालिकाका लागि अनिवार्य बनाऔं।
* बालश्रम, दुर्व्यवहार र हिंसाविरुद्ध आवाज उठाऔं।
* गुणस्तरीय र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गरौं। बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गरौ।
* १८ वर्ष मूनिका बालबालिकाहरुलाई धुम्रपान, मद्यपान तथा सुर्तिजन्य पदार्थको विक्रि वितरणमा प्रयोग नगरौ। विद्यालयको १०० मिटर वरिपरि यस्ता सामाग्रिहरुको विक्रि वितरणमा रोक लगाऔ।

यदि समुदाय तथा टोलमा बाल विवाह, बालश्रम, बालबालिका माथि दुर्व्यवहार, बाल हिंसा, सडक बालबलिका साथै संरक्षण विहिन र जोखिममा परेका बालबालिका देखिएमा हेटौंडा उपमहानगरपालिका वा बाल हेल्प लाईनको पैसा नलाग्ने फोन १०९८ मा जानकारी गराउनु हुन अनुरोध छ।

पानी शुद्धिकरण गर्ने विधिहरु

- पानी धमिलो छ भने सुरुमा पानीलाई थिग्राएर छान्ने,
- पानीलाई उमालेर मात्र पिउने,
- उपलब्ध छ भने पानीलाई फिल्टर गर्ने,
- पियुष वा आक्वा ट्याब्लेट राखेर शुद्धिकरण गर्ने ।
- पियुष प्रयोग गर्दा एक लिटर पानीमा एक थोपा पियुष भोल हाल्ने
- ३३ मिलिग्रामको आक्वा ट्याब्लेट प्रयोग गर्दा १० लिटर पानीमा एक चक्की आक्वा ट्याब्लेट हालेर राम्ररी घुलाउने ।
- पियुष वा आक्वा ट्याब्लेट हालेर पानीलाई राम्ररी सफा भाँडोले छोपेर आधा घण्टासम्म राखेपछि मात्र प्रयोग गर्ने ।

बागमती प्रदेश सरकार

खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिका कार्यालय मकवानपुरगढी

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ जेठ १५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

सकियो पत्रकारको प्रादेशिक भेला

१३ बुँदे हेटौंडा घोषणापत्र जारी

○ सहीखबर संवाददाता

मकवानपुर। नेपाल पत्रकार महासंघ बागमती प्रदेशको दुई दिने दोस्रो प्रादेशिक भेला १३ बुँदे हेटौंडा घोषणापत्र जारी गर्दै सकिएको छ ।

सञ्चारमैत्री बजेट र कानून निर्माणमा प्रदेश सरकारको भुमिका विषयक अन्तरक्रियासँगै नेपाल पत्रकार महासंघ बागमती प्रदेशको जेठ १३ गतेबाट शुरू भएको प्रादेशिक भेलामा वृहत छलफल गरी उठान गरेका विषयहरूलाई समेटेर घोषणापत्र जारी गर्दै सकिएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले उद्घाटन गरेको भेलाले पारित गरेको घोषणापत्रमा पत्रकारको सुरक्षा, क्षमता विकास, सरकारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था, सञ्चारमाध्यमलाई उद्योगका रूपमा मान्यता दिई अनुदान र सहुलियत ऋण र लोककल्याणकारी सुविधा लगायतमा तीनै तहको सरकारको ध्यानाकर्षण गराउँदै पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन र प्रदेश विज्ञापन नीति निर्माणको विषयलाई प्रमुखताका साथ उठाईएको छ ।

उद्घाटन कार्यक्रम बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्य तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारू मगरको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने र बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफलेको विशेष आतिथ्य रहेको थियो ।

१ संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धिको रक्षा गर्दै दिगो विकास, पूर्ण प्रेस स्वतन्त्रता, मानवअधिकार, सामाजिक न्याय, समावेशी सिद्धान्त, समानता र लोकतन्त्रको पक्षमा क्रियाशिल रहन यो भेला प्रतिवद्ध छ ।

२ पत्रकारको जीवन रक्षा, स्वतन्त्र रूपले काम गर्ने वातावरण निर्माण र आर्थिक सुरक्षाको ग्यारेण्टी तथा सञ्चारमाध्यमहरूको सुरक्षाका लागि सरोकारवालासँग यो भेला जोडदार माग गर्दछ ।

३ तीनवटै तहका सरकारलाई सञ्चार क्षेत्रको दिगो विकास र प्रवर्द्धन गर्न सञ्चारमैत्री नीति निर्माण गरी सञ्चार क्षेत्रको विकास, सम्वर्द्धन र प्रवर्धन गर्न यो भेला जोडदार माग गर्दछ ।

४ श्रमजीवि पत्रकारहरूलाई सामाजिक सुरक्षा कोषमा समेदन, स्वास्थ्य विमा र दुर्घटना बिमामा समेदने लागायतका सामाजिक सुरक्षाका कार्यक्रममा समेदन यो भेला सम्वद्ध पक्षसँग जोडदार माग गर्दछ ।

५ स्वरोजगारमूलक मिडियालाई संरक्षण गर्न सम्बन्धित सरकार ले आफ्नो कार्य क्षेत्रमा दर्ता र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई समानुपातिक विज्ञापन अनिवार्य रूपमा उपलब्ध गराउन र समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था मिलाउन यो भेला जोडदार माग गर्दछ ।

६ बागमती प्रदेशका पत्रकार हरूलाई नेपाल पत्रकार महासंघको सिफारिसमा प्रदेश मातहतका सर कारी अस्पतालमा नि:शुल्क उपचारको व्यवस्थापन गर्न यो भेला माग गर्दछ ।

७ सञ्चारकर्मी र सञ्चार माध्यमको क्षमता विकास, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रमा सरकारको तर्फबाट नीति, कार्यक्रम र बजेटमा व्यवस्थापन गर्न यो भेला माग गर्दछ ।

८ बागमती प्रदेश स्तरमा प्रशिक्षण केन्द्र र जिल्ला स्तरमा सूचना केन्द्र, पुस्तकालय स्थापना गरि सञ्चार क्षेत्रको प्रवर्द्धनमा काम गर्न यो भेला जोडदार माग गर्दछ ।

९ सञ्चारमाध्यमहरूलाई उद्योगका रूपमा मान्यता दिन, अनुदान र सहुलियत ऋण उपलब्ध गराउन, सबै खाले संचार माध्यमलाई वर्गिकरण गरी लोककल्याणकारी सुविधा उपलब्ध गराउन, पत्रकार र सञ्चार माध्यमका उपकरण खरिदमा अनुदानको व्यवस्था मिलाउन यो भेला सरकारसँग माग गर्दछ ।

१० बागमती प्रदेश संचार रजिष्टार कार्यालयमा दर्ता नभए पनि नेपाल सरकारका अन्य निकायमा बागमती प्रदेशमित्र कार्यक्षेत्र हुने गरी दर्ता गरिएका संचारमाध्यमलाई सूचिकरण गरी सेवा सुविधा उपलब्ध गराउन यो भेला माग गर्दछ ।

११ महिला र अपांगता भएका व्यक्तिहरूले संचालन गरेका स्वरोजगारमूलक संचार माध्यमहरूलाई र महिला र अपांगता भएका संचार कर्मीहरूलाई सुरक्षा, संरक्षण सहितको विशेष सुविधा र अनुदानको व्यवस्था गर्न यो भेला माग गर्दछ ।

१२ विपद र द्वन्द्वको समयमा जोखिमपूर्ण क्षेत्रमा पत्रकारीता गर्ने पत्रकारहरूलाई सुरक्षा सहितको प्रोत्साहनको व्यवस्था गर्न, खोजमुलक पत्रकारीता गर्ने पत्रकारहरूलाई लेखनवृत्तिको व्यवस्था गर्न यो भेला सरकार सँग माग गर्दछ ।

१३ मकवानपुरका ऐतिहासिक पर्यटकीय क्षेत्र मकवानपुरगढी, पर्यटकीय क्षेत्र सहिद स्मारक लगायत बागमती प्रदेश मित्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक पर्यटकीय गन्तव्यका क्षेत्रहरूको संरक्षण र प्रवर्द्धन गर्न यो भेला माग गर्दछ ।

बागमती सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

आगामी वर्ष लगानी सम्मेलन गर्ने

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले आयस्रोत कम भएका तथा मानव विकास सूचकांक कमजोर रहेका स्थानीय तहको एकीकृत विकासका लागि वित्तीय हस्तान्तरणमा प्राथमिकता दिने भएको छ।

यसैगरी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रममार्फत विपद् बिमा कार्यक्रम अघि बढाउने भएको हो ।

प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले संसद्रूमा बुधबार आगामी आर्थिक वर्षको नीति कार्यक्रम प्रस्तुत गर्दै विपद् जोखिम हस्तान्तरणका लागि विपद् बिमा कार्यक्रम अघि बढाउने बताएका हुन् ।

पूर्वाधार र निर्माणका लागि क्रमश: प्रदेश स्तरीय पूर्वाधार गुणस्तर प्रयोगशाला स्थापना गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

भौतिक पूर्वाधार,कृषि, सञ्चार,रोजगारीलगाउयत विभिन्न क्षेत्रलाई समेटिएको नीति कार्यक्रम नारैनाराले भरिएको छ । 'समुन्नत समाजका लागि सूचना तथा सञ्चार 'भन्ने अवधारणाका साथ सञ्चार क्षेत्रको विकासका लागि कानुनी तथा कार्यक्रमगत प्रबन्ध गरिने उल्लेख गर्दै पत्रकारहरुको न्यूनतम सेवा सुविधा र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन पहल गरिने नीति कार्यक्रम उल्लेख गरिएको छ ।





प्रदेश सरकारले आगामी आर्थिक वर्षमा प्रदेश प्रहरी समायोजनका लागि अन्य प्रदेशसँगको समन्वयमा सघीय सरकारसँग छलफल गर्ने भएको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षमा लगानी सम्मेलन आयोजना गर्ने भएको छ । प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रममा लगानी सम्मेलन आयोजनाका लागि नीतिगत प्रक्रिया अघि बढाउने भएको उल्लेख गरिएको छ । ११६ वटा बुँदामा बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ ।

प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले संसन्मा बुधबार आगामी आर्थिक वर्षको नीति कार्यक्रम प्रस्तुत गर्दै विपद् जोखिम हस्तान्तरणका लागि विपद् बिमा कार्यक्रम अघि बढाउने बताएका हुन् ।

प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति कार्यक्रम मार्फत विपद् बिमा कार्यक्रम अघि बढाएको हो । प्रदेश सरकारले आगामी आर्थिक वर्षमा प्रदेश प्रहरी समायोजनका लागि अन्य प्रदेशसँगको समन्वय संघीय सरकारसँग छलफल गर्ने भएको छ ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

कैलाश गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय मकवानपुर

संस्कृति तथा पर्यटन मन्त्रालय बागमती प्रदेशको अनुरोध

- हाम्रो भाषा, कला, संस्कृति र सम्पदाको संरक्षण गरौ
- धार्मिक सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरौ ।
- पुर्खाको अनुभव र अभ्यासलाई पुस्तान्तरण गरौ कला र सांस्कृतिलाई जिवन्त राखौ ।
- हिमाल, पहाड, ताल, नदीनाला लगायत प्राकृतिक सम्पदाहरूको संरक्षण गरौ पर्यापर्यटनलाई प्रवर्द्धन गरौ ।
- होमस्टे, कृषि पर्यटन तथा ग्रामिण पर्यटनलाई प्रवर्द्धन गरी आय आर्जनमा वृद्धि गरौ ।
- आफ्नै संस्कृति अनि प्रकृतिमा रमाऔं ।
- विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौं, ललितपुर र भक्तपुर दरबार स्क्वायर अनि पशुपतिनाथ,
- स्वयम्भुनाथ, बौद्धनाथ क्षेत्रको भ्रमण गरी धार्मिक सांस्कृति क्षेत्रलाई प्रवर्द्धन गरौ ।
- चितवन राष्ट्रिय निकुञ्ज, लाङटाङ क्षेत्र गोसाइकुण्ड, रुवीभ्याली लगायत प्रकृतिक सम्पदाको भ्रमण गरी पर्यापर्यटनलाई प्रवर्द्धन गरौं ।
- हिमाली पदयात्रा र त्रिशुली भोटेकोशी (सुनकोशी) क्षेत्रमा -याफ्टिङ गरी साहसिक पर्यटनलाई प्रवर्द्धन गरौ ।
- गाईजात्रा, विस्केट जात्रा, भोटोजात्रा, इन् जात्रा लगायतका जात्रापर्वहरुमा सरिक भई मौलिक संस्कृतिको जगेर्ना गरौं ।
- रैथाने खानाको उपभोग गरी यसको संरक्षण र प्रवर्द्धन गरौ ।
- मौलिक भेषभूषा र मातृभाषाको संरक्षण अनि प्रवर्द्धन गरौ ।
- बागमती प्रदेशमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, भौगलिक स्थलहरूको भ्रमण गरी आन्तरिक पर्यटन लाई वढावा दिऔ ।
- हाइकिङ ट्रेकिङ गरी स्वस्थ जिवनशैली अपनाउ ।
- होटल, रिसोर्ट र ऐजेन्सि (ट्राभल, ट्रेकिङ, व्याटिङ लगायत) संचालन गर्दा बागमती प्रदेशमा रहेका पर्यटन कार्यालयहरुबाट इजाजत लिएर मात्र पर्यटन व्यवसाय संचालन गरौ ।

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा मकवानपुर

आँचलले विभिन्न विधामा पुरस्कार वितरण गर्ने



○ सहीखबर संवाददाता

मकवानपुर । आँचल साहित्य कला पुञ्ज मकवानपुर मकवानपुरले कविता प्रतियोगीता सहित विभिन्न विधामा पुरस्कार वितरण गर्ने भएको छ ।

आँचलले यसवर्ष मंगलादेवि श्रेष्ठ बाल प्रतिभा पुरस्कार सम्मान २०८१, मुक्ति तारा नवप्रतिभा सम्मान २०८१, सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८१ र आँचल सम्मान २०८१ प्रदान गर्ने भएको हो ।

शिक्षासेवी देवप्रसाद श्रेष्ठले स्थापना गर्नु भएको मंगलादेवि श्रेष्ठ बाल प्रतिभा पुरस्कार २०८१ तुलसी मेहर मेमोरियल माविमा अध्ययनरत अनुश्रुया खनाललाई प्रदान गर्ने निर्णय गरिएको छ । नगद ३ हजार ५ सय राशी सहित सम्मानपत्रबाट सम्मानित गरिने यो सम्मान २०७६ सालबाट प्रदान गरिएको हो ।

यसैगरी साहित्यसेवी मुक्तिगोविन्द वैद्य तथा उहाँकी धर्मपत्नी तारा वैद्यले २०७७ मा स्थापना गर्नु भएको मुक्ति तारा नवप्रतिभा सम्मान(२०८१ मकवानपुरे नवप्रतिभा स्वस्तिका दाहाललाई प्रदान गर्ने निर्णय भएको आँचल अध्यक्ष भावना सापकोटाले बताउनु भयो ।

२०७७ सालबाट प्रदान गर्न लागिएको यो सम्मानमा ५,००१/ राशीसहित सम्मानपत्र रहेको छ ।

समाजसेवी चन्द्र किरण श्रेष्ठ र उहाँकी धर्म पत्नी मेनुका शर्माले आफ्ना आमाको स्मृतिमा २०७७ मा स्थापना गर्नुभएको सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८१ कवि पुरूषोत्तम आचार्यलाई प्रदान गरिने आँचलले जनाएको छ । २०७७ सालबाट प्रदान गर्न लागिएको यो सम्मानमा १० हजार १ राशीसहित सम्मानपत्र रहेको छ ।

आँचल साहित्य कला पुञ्जले प्रदान गर्ने गरेको आँचल सम्मान २०८१ यस पटक अक्षयकोष स्थापना गरेर आँचललाई संस्थागत गर्न सघाउ पुयाउनु हुने प्रकाश लम्साललाई प्रदान गरिने भएको छ ।

आँचलको स्थापनाको समयदेखि नै मकवानपुरमा रहेर विभिन्न विधामा कृयाशिल व्यक्तिहरुलाई प्रदान गर्ने गरिएको भएता पनि २०७९ देखि यता यस सम्मान आँचलमा अक्षयकोष स्थापना गरेर आँचललाई संस्थागत गर्न सघाउनु हुने व्यक्तिहरुलाई प्रदान गरिएको छ ।

यो पुरस्कार यसअघि २०७९ मा साहित्यसेवी मुक्ति गोविन्द वैद्य, २०८० मा हरिवंश भेटवाललाई प्रदान गरिएको थियो । संस्थाको अक्षयकोक्ष स्थापनामा सहयोग गर्नुका साथै आफूलेसमेत अक्षयकोष स्थापना गरेर आँचललाई संस्थागत गर्न सघाउ पुयाउनु भएकाले लम्सालप्रति कदर भावका साथ यो सम्मान गर्न लागिएको सापकोटाले बताउनु भयो ।

आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमावृहत् साहित्यिक तथा सांस्कृतिक कार्यक्रम आगामी १७ जेठमा हुनेछ ।

कार्यक्रममा बालबालिका, अभिभावक र आजको समाज विषयक मनोपरामर्श कार्यक्रम र डिजिटल स्किनको प्रभाव विषयक बहस समेत हुने छ। यसैगरी विद्यालय (८१२) तहस्तरीय कविता प्रतियोगिताका लागि १४ जेठसम्म प्राप्त कविताहरू मध्येबाट १० उत्कृष्ट कविता छनोट गरि १० कविहरुको रचना वाचन गर्ने र उनीहरुबाट प्रथम, द्वितीय, तृतीय र सान्त्वना कवितालाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ ।

आँचल साहित्य कला पुञ्जले बुधबार पत्रकार सम्मेलनमार्फत यस्तो जानकारी गराएको हो ।

मानव अधिकारको सवालमा चनाखो हुनुपर्छः देवकोटा

मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले मानव अधिकारको सवालमा चनाखो हुनुपर्ने बताउनु भएको छ ।

न्याय,समता र मानव गरिमाको सुनिश्चितता नै आधुनिक र समृद्ध राष्ट्रनिर्माणको आधारशिला भएको उहाँले बताउनु भएको हो । मानव अधिकार आयोगको रजत जयन्तीको अवसर बागमती प्रदेश कार्यालयले हेटौंडामा आयोजित कार्यक्रममा उहाँले यस्तो बताउनु भएको हो। "जबसम्म नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारको ग्यारेन्टी हुदैन तबसम्म देश विकास हुन सक्दैन" प्रदेश प्रमुख देवकोटाले भन्नुभयो ।

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, अधिकार तथा स्वतन्त्रताहरुको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाह गरेको भूमिका समय सापेक्ष, सशक्त र प्रेरणादायी रहँदै आएको उहाँले बताउनु भयो ।

बार्षिकोत्सव केवल एक उत्सव मात्र नभई विगतका कार्यसम्पादनलाई बस्तुगत तवरले मूल्याङ्कन गर्ने, वर्तमानका चुनौतीहरुलाई चिर्ने संकल्प गर्ने र आगामी दिनमा स्पष्ट दिशा तय गर्ने अवसर पनि भएको उहाँले बताउनुभयो।

"मानव अधिकारको सार्वभौम मान्यताअनुरुप समाजमा न्याय, समावेशिता र सहिष्णुताको संस्कृति संस्थागत गर्न सक्ने प्रेरणाको स्रोत बनाउन सक्नुपर्छ" उहाँले भन्नुभयो ।

आयोगले सामाजिक न्यायका पक्षमा गरेको अभियान सराहनीय छ तर अझै पनि समाजमा हिंसा, द्वन्द, विभेद कायमै रहेको उहाँले बताउनुभयो ।

वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना

वन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने र ओसार पसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम पाँच लाखदेखि दश लाख रुपैयाँसम्म जरीवाना वा पाँच बर्षदेखि पन्ध्रवर्षसम्म कैद वा दुबै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, मकवानपुर ।

गणतन्त्र दिवस, २०८२ भव्यरुपमा मनाऔं

- गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।
- लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।
- लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक